# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## आदर्श गाउँपालिका
## डोटी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## आदर्श गाउँपालिका
## डोटी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## आदर्श गाउँपालिका

## डोटी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१
च.नं. ६३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
आदर्श गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
डोटी ।

१. **कैफियत सहितको राय —** हामीले आदर्श गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड ६० लाख ७४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रियाबाट फस्योंट नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १० लाख ३९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७६ लाख ६९ हजार र नियमित गर्नुपर्ने रु. ७३ लाख ६६ हजार समेत रू. १ करोड ६० लाख ७४ हजार रहेको छ । आदर्श गाउँपालिकाको गतवर्ष सम्म रु. ८ करोड २१ लाख ७३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ९ करोड ८२ लाख ४७ हजार रहेको छ। आदर्श गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने आदर्श गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी आदर्श गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)
नायब महालेखापरीक्षक

# आदर्श गाउँपालिका,
# डोटी

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६८ | ४३ | १६०७४ | ० | ० | ० | ६८ | ४३ | १६०७४ | १०३९ | ७३६६ | ७६६९ | ० | ० | १५०३५ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डोटी | ८२१७३ | ० | ० | ८२१७३ | ० | १६०७४ | ९८२४७ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१. **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह - अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल ३३२.५५ वर्ग किलोमिटर तथा २४,४९५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१४ देखि २०८०।११।१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय र व्ययतर्फ रु. १ अर्ब १२ करोड ४ लाख ४२ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.९,२९,६८०.०३ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता वितरणमा दोहोरो भुक्तानी फिर्ता गरेको प्रमाण पेश भएको । | ९२९६८०.०३ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२। **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको तेस्रो र चौथो त्रैमासिक मात्र गरेको पाइयो । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको चार वटै त्रैमासिकमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

३। **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

- बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारीत म. ले. प. फा नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पूर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ,

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी रहेको पाईएन,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेस स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाईएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाईएन,

• कानून बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सोअनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

• सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गरेको पाइएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्नेगरी पूर्णरुपमा कार्यान्वयनमा आएको पाइएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाईएन,

• दिगो विकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्योँट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

---

४. **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

---

५. **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४०,००,०००प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२८,९८,८०२ अर्थात अनुमान भन्दा २७.५३ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

---

६. **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा संघीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| संघीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३२४१८११४५ | २८,९८,८०२ | ०.९० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त संघीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

---

७. **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | २००००० | ० | ० |
| सम्पति, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | २००००० | १०२००० | ५१ |
| भूमिकर। मालपोतकर | ८००००० | ४९६१३२ | ६२.०२ |
| बहाल कर | १००००० | १४८२७० | १४८.२७ |
| न्यायिक दस्तुर | ५०००० | ० | ० |
| परीक्षा शुल्क | १००००० | ७६००० | ७६ |
| नक्सापास दस्तुर | ५०००० | ० | ० |
| सिफारिस दस्तुर | ३००००० | २७८१४० | ९२.७२ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ८००००० | ४९७००५ | ६२.१३ |
| नाता प्रमाणित दस्तुर | १००००० | १०००० | १० |
| अन्य दस्तुर | २००००० | १०५५२८ | ५२.७७ |
| अन्य राजस्व | ३००००० | ९६२१३० | ३२०.७१ |
| अन्य कर | ३००००० | २२३५९७ | ७४.५४ |
| जम्मा | ४०००००० | २८९८८०२ | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

---

८. **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छ। आवधिक योजना तयार गर्दा पालिकाको आवधिक योजनामा सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र अपेक्षित उपलब्धि समेत राख्नुपर्नेमा सोच, कार्यनीति र अपेक्षित उपलब्धि नै राखेको पाइएन।यसमा परिच्छेद-८ समेत उल्लेख गरेको पाइएन । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। यसरी पालिकाले आवधिक योजना तयार गर्दा पालिकाको आवधिक योजनामा सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र अपेक्षित उपलब्धि स्पष्ट रुपमा उल्लेख हुनुपर्छ।परिच्छेदहरु पनि स्पष्ट रुपमा लेखिएको हुनुपर्छ र परिमाणात्मक लक्ष्य समेत तोकिएको हुनुपर्छ ।यि लगायतका अन्य सबै विषयलाई पुनः एकिन गरी आवधिक योजनालाई वस्तुपरक र विश्वसनीय बनाउन आवधिक योजना २०८०।८१-२०८४।८५ लाई पुनर्लेखन गर्नुपर्छ ।

९. **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथामिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१०. **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्रथामिकीकरण र कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११. **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले रु. ५० करोड १४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई

बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । तोकिएको अवधिभत्रै अख्तियारी दिने व्यवस्था गर्दै आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

१२. **बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्रथामिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. १,२१,८०,००० अबण्डा बजेट व्यवस्था गरी २७ योजनामा रु. १,०५,९६,००० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ, बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | तेडी देउढुंगा मन्दिर व्यवस्थापन | ३५०००० |
| २ | गड्खेत कुलो मर्मत | २००००० |
| ३ | सिमल खर्क गाउघर क्लिनिक निर्माण योजना | ५००००० |
| ४ | मल्ला गाडा खानेपानी संरचना निर्माण | २००००० |
| ५ | प्रशासनिक भवनको ट्रष्ट तथा घेरपर्खाल निर्माण | १०००००० |

१३. **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३,५८,८७,५२५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१४. **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३००३५००० | २७८०८२९७ | ६.४४ |
| २ | पूर्वाधार विकास | ९२७९८००० | ७९१५४३९५ | १८.३१ |
| ३ | सामाजिक विकास | २०८८००५०० | १८४१६८५७१ | ४२.६१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १५५२५००० | १४१९२५९१ | ३.२९ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १५४३१३५०० | १२६९८४४४२ | २९.३८ |
| **जम्मा** | | **५०१४७२०००** | **४३२३०८२९६** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट सामाजिक विकासमा सबैभन्दा बढी ४१.६४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमामा सबै भन्दा घटीमा ३.१० प्रतिशत रहेको छ ।

१५. **खर्च विश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु २८,९८,८०२ राजस्व बाँडफाँड र अनुदानबाट रु. ४०,९५,८४,८९८ समेत रु. ४१,२४,८३,७०० आम्दानी भएकोमा चालु तर्फ रु.२९,६४,२०,७७१ र पूँजिगत तर्फ रु.१३,५८,८७,५२५ समेत रु ४३,२३,०८,२९६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ९१,२५,००४ खर्च भएको छ जुन आन्तरिक आयको ३१४.७९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.५६ प्रतिशत चालु र ३१.४४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१६. **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छः-

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पुँजीगत खर्चतर्फ | १३,५८,८७,५२५ | १७७५१३३ | ५५६१०८० | २१८४१५३६ | १०६७०९७७६ | ७१६७७५७७ |
| प्रतिशत | १०० | १.३१ | ४.१० | १६.०८ | ७८.५३ | ५२.७५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१३,५८,८७,५२५ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १७७५१३३ (१.३१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ५५,६१,०८० (४.१० प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २,१८,४१,५३६ (१६.०८ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १०,६७,०९,७७६ (७८.५३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७१,६७,७५,७७ (५२.७५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१७. **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले महिलासँग उपाध्यक्ष कार्यक्रम (अति विपन्न परिवारका महिलालाई न्यानो लुगा वितरण कार्यक्रम) शिर्षकबाट ३०० थान ब्लाङ्केट खरिद गरी ३०० जनालाई रु. ६,६९,००० (न्यू सगरमाथा इम्पेक्स) भुक्तानी दिएको छ। खरिद गरेको सामाग्री मध्ये पालिकाले ३०० थान सामग्री ७ वडाहरुमा वितरणको लागि पठाएकोमा वितरणको प्रमाणित भरपाई पेश भएको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

१८. **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

१९. **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड

बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २ वटा ऐन, २ वटा नियमावली, १४ कार्यविधि लगायत १८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले १८ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२०. **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी शून्य र यो वर्ष थप भएको ९ गरी कुल ९ विवाद दर्ता भएकोमा ७ वटा मात्र फस्र्योट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२१. **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२२. **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु. तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु. गरी रु. अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२३. **नाफामूलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| क सं | अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रु. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | नवलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था | बहुक्षेत्रीय पोषण कार्यक्रम(सुनौला १००० दिन) | ६२५००० |
| २ | जे.बि बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फर्म | नयाँ अदुवा बेसार पकेट विकास कार्यक्रम | ५०००० |
| ३ | सरस्वती बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फर्म | नयाँ अदुवा बेसार पकेट विकास कार्यक्रम | १००००० |

| | |
|---|---|
| अनियमित भएको | ७,७५,००० |

२४. **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२५. **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा २४ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले सशर्त आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको औषधी खरिद बजेट उप शिर्षकबाट (सोझै खरिदबाट) बालाजी सर्जिकल सप्लायर्ससँग रु. ६३,६६०, डोब छुणी फार्मासँग रु ५,८८,१६९ र सुदुरपश्चिम मेडिसिन डिस्ट्रिब्युटर्स रु ७,८८,०२८ समेत गरी रु १४,३९,८५७ को औषधि खरिद गरेको देखिन्छ र गाउँपालिका चालुबाट निशुल्क स्वास्थ्य सेवाको लागि औषधि खरिद शिर्षकबाट डोब छुणी फर्मासँग रु ४,९१,९३० को औषधि खरिद गरेको देखिन्छ ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्णरुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत एकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था एकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

२६. **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. ९,४१,८१५ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको

सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

२७. **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२८. **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ८ बर्थिङ सेन्टरमा ७७८ अल्या भई गत वर्ष ९४५ थानको रु. ८४९५५५र यस वर्ष ६०० थान को रु. ५३९६८८ खरिद गरेकोमा गत वर्ष ६७० जना र यस वर्ष ३१३ जना गरी ९८३ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका १३४० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

२९. **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३०. **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न २१ जना व्यक्तिहरुलाई रु.२,१४,०००आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २८,९८,८०२ को ७.३९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

३१. **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, कृषि स्नातक, अधिकृत छैठौं सहित ४२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

३२. **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ८७,००,०००भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्यमा सुधार हुनुपर्दछ ।

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| कम्प्युटर अपरेटर, सब इञ्जिनियर, HA, अहेव, अनमी, ना प्रा स लगायत | ३३ | ८७,००,००० |

३३. **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ |पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २३ कर्मचारीको रु. १,१६,२२,५९७, र पालिकाका २९ जना कर्मचारीको रु.१,३०,४३,७६८ समेत रु. २,४६,६६,३६५ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३४. **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३५. **विविध तथा सभा संञ्चालन खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खाना लगायत) खर्च गरेको र सभा सञ्चालनतर्फ समेत गरी रु.१९,६४,९४२ छ। सो उक्त खर्च पालिकाको आन्तरिक आय रु. २८,९८,८०२ को ६७.७० प्रतिशत हुन आउँछ। यस्तो खर्चमा अत्याधिक खर्च भएको पाइयो । जसका कारण पालिकाको पूँजीगत खर्चमा असर पर्ने हुँदा यस्ता खर्च नियन्त्रण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| **क्र.स** | **गोभौ/मिति** | **खर्च विवरण** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|
| १ | २०।२०७९।०६।१२ | खाना खाजा खर्च | १,८६,८७६ | |
| २ | ३९।२०७९।०६।३१ | चिया नास्ता | १,४७,७५० | |
| ३ | १३७।२०७९।११।०३ | खाजा नास्ता | २,२१,२८४ | |

३६. **रकमान्तर गरी खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शिर्षकबाट पूँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । पालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निर्णय बमोजिम ३० कार्यक्रम घटाई ३२ कार्यक्रममा बढाएर बिभिन्न शिर्षकमा कुल रु.२,१९,२०,००० अर्थात कुल बजेट रु.५०,१४,७२,००० को ४.३८ प्रतिशत र अधिकांश शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले बिनियोजन ऐनमा ब्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ ।

| **क्रस** | **स्वीकृत आयोजना/कार्यक्रमको नाम** | **बजेट रकम रु.** | **संशोधित आयोजना/कार्यक्रमको नाम** | **बजेट रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|---|
| 1 | काली भैरव मावि गेट तथा फर्निचर निर्माण | ३,५०,००० | काली भैरव मावि फर्निचर निर्माण | ३,५०,००० | |
| २ | वडा कार्यालय भवन मर्मत | १०,००,००० | वडा कार्यालय भवन, स्वास्थ्य चौकी भवन र गाडेखोला सिँचाई कुलो डिपिआर | १०,००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | कपिलास आवि शौचालय निर्माण | २,००,००० | सबखोला कपिलास आवि सडक निर्माण | २,००,००० | |
| ४ | न्यायिक समिति अन्तर्क्रिया कार्यक्रम | १,५५,००० | अपांगता परिचयपत्र वितरण सम्बन्धि शिविर | १,५५,००० | |
| ५ | लक्षित वर्ग दलित किसानलाई कृषि सीप विकास कार्यक्रम | ५०,००० | लक्षित वर्ग दलित किसानलाई बिउ विजन वितरण कार्यक्म | ५०,००० | |

## ३७. वित्तीय बिबरणको परीक्षण -

३७.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३७.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२,४१,९०,८४२.२३, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ९८,९६,०००, र गरिबसँग विश्वेशेर कार्यक्रम रु. ३,३३,००० समेत गरी रु. १३,४४,१९,८४२.२३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३७.३ **फरक हिसाब –**यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति र यस वर्षको भुक्तानीमा रु.१३,४४,१९,८४२.२२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६०७१०५१९.९७ | ४१२४८३७००.०१ | ४३९११८५०३ | ३४०७५७१६.९८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६०७१०५१९.९७ | ५४६९०३५४२.२३ | ५७३५३८३४५.२२ | ३४०७५७१६.९८ |
| फरक | ० | १३४४१९८४२.२२ | १३४४१९८४२.२२ | ० |

३७.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ३१७६४६९८.२३ | ३१७६४६९८.२३ | ० |
| चालु खर्च खाता | ० | २९७१५ | २९७१५ |
| पुँजीगत खर्च खाता | ० | ५४०० | ५४०० |
| विविध खर्च खाता | १९९४१९.७५ | १९९४१९.७५ | ० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १०१०६१ | १०१०६१ | ० |
| स्थानीयतह धरौटी खाता | २०१०५३८ | २०१०५३८ | ० |
| बैङ्क | ३,४०,७५,७१६.९८ | ३,४१,१०,८३१.९८ | ३५११५ |
| **जम्मा** | | | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

३७.५ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. २९,७१५ र पुँजीगत खातामा रु. ५,४०० समेत रु. ३५,११५ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

---

३८. **भ्रमण खर्च -** सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च वापत अन्य भ्रमण खर्च शिर्षक र भ्रमण खर्च शिर्षकबाट गरी जम्मा रु.२७,८७,७६० खर्च गरेको छ ।भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन -

• अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय र स्पष्ट आधार नदेखिएको ।

• भ्रमण पश्चात तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नभएको र केही पेश भएको भ्रमण प्रतिवेदनमा पनि भ्रमणको उद्देश्य प्रष्ट नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्चको उच्चतम सदुपयोग भएको भन्ने अबस्था देखिएन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पूर्ण पालना गर्दै भ्रमण खर्चमा मितव्ययीता र प्रभाबकारी हुने गरी खर्च गर्नेतर्फ भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

---

३९. **सवारी मर्मत -** सवारीसाधनको मर्मत गर्दा म. ले. प फाराम नं ४१४ वमोजिमको मर्मत आदेश कार्यालय प्रमुखबाटस्वीकृत गराई मर्मत सम्वन्धी कार्य गर्ने र मर्मत गरिएका सामान सम्वन्धी अभिलेख म.ले. प फाराम ४१५ बमोजिम राखी मर्मतको खर्च लेख्नु पर्दछ ।पालिकाले वर्षभरिमामेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च,निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्चर सवारीसाधन मर्मत खर्च शिर्षकबाटएम्बुलेन्स, एक्साभेटर, जिप र मोटरसाईकल मर्मत गरी जम्मारु. ३९,८७,७०४ खर्च गरेको छ।पटक पटक एउटै सवारी साधन मर्मत गरेकोमा मर्मत गर्नुपर्ने स्पष्ट कारण खुलेको छैन साथैमर्मत गर्दा केही मर्मत आदेश स्वीकृत गरेतापनी पूर्णरुपमा मर्मत आदेश स्वीकृतनगरी मर्मतका विलमात्र संलग्न राखि भुक्तानी दिएको पाईयो भने मर्मत अभिलेख पनीअद्यावधिक गरेको देखिएन यस सम्वन्धमा देखिएका केही उदाहरणहरु –

| क्र.स | सवारी साधनको प्रकार | सवारी साधानको नं | रकम |
|---|---|---|---|
| १ | जिप | बा २ झ ३६६४ | ८१८८०८ |
| २ | डोजर | बा १ ग ३५३७ | ८५३७२५ |

| | | | |
|---|---|---|---|
| ३ | एक्बुलेन्स | सु.प ०१-०००१ झ ४१० | २८५०९३ |
| | ट्याक्टर | पालिकाको नाममा रहेको ट्याक्टर | ६०१७५ |
| | मो.सा | पालिकाको नाममा रहेका सबै मो.सा | १९६९९०३ |
| जम्मा | | | ३९,८७,७०४ |

पालिकाले आ.व २०७९/८० मा मर्मतमा खर्च गरेको जम्मा रु. ३९,८७,७०४ मध्ये मोटरसाईकलमा रु. १९,६९,९०३ (४९) प्रतिशत, जिपमा रु. ८,१८,८०८ (२०) प्रतिशत र डोजरमा रु. ८,५३,७२५ (२१) खर्च भएको देखियो । सबै साधन मर्मत गर्दा कार्यालय प्रमुखबाट मर्मत आदेशस्वीकृत गराई मर्मत अभिलेख अद्यावधिक गर्ने तथा मितव्ययी तरिकाले खर्च लेख्नेतर्फ पालिकाले ध्यानदिनुपर्दछ ।

४०. **ईन्धन खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।पालिकाको नाममा रहेका मोटरसाईकल, १ वटा डोजर, १ वटा एम्बुलेन्स,१ जिप र १ ट्याक्टरको लागि आ.व २०७९/८० मा ईन्धन पदाधिकारी शिर्षकबाट रु.८,१३,१६६ र ईन्धन कार्यालय प्रयोजन शिर्षकबाट रु.२९८९,१२१ गरी जम्मा रु.३८,०२,२८७ खर्च गरेकोमा कुन सवारी साधनमा ईन्धन कती खर्च भयो सो खुल्ने अभिलेख व्यवस्थित राखेको पाईएन ।प्रयोगकर्ता, प्रयोजन र भ्रमण किलोमिटर जस्ता व्यहोरा स्पष्ट खुलाई ईन्धन उपलब्ध गराउनु पर्नेमा सो बेगर तथा लगबुक तयार नगरी ईन्धन खर्च गरेको पाईयो। पालिकाले यस्तो कार्यमा सुधार गरी ऐन ,नियम बमोजिम ईन्धनको प्रयोग गर्ने तथा सोहि वमोजिम लगबुक व्यवस्थित गरी राख्ने तथा खर्च गर्दा मितव्ययीरुपमा गर्ने प्रवन्ध मिलाउनु पर्दछ ।

४१. **जिन्सी निरीक्षण नभएको -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा जिन्सी निरिक्षण गर्नुपर्ने व्यबस्था छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ को उपनियम ४ अनुसार मर्मत संभार गर्नुपर्ने मालसमानहरु ३ महिनाभित्र गरी सक्नुपर्ने व्यवस्था छ । यस पालिकाले आ.व २०७९।८० को जिन्सी निरीक्षण गरेको पाईएन । उक्त नियमावलीको निमय ९९ अनुसार मर्मत संभार गरी जिन्सी सम्बन्धि व्यवस्थालाई चुस्त र दुरुस्त बनाउनुपर्नेमा सो गरेको देखिएन । साथै महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई अनिवार्यरुपमा PAMS मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । कार्यालय भित्रको सम्पत्तीको लेखाङ्कन एकीकृतरुपमा PAMS मा गर्नुपर्ने हुँदा यस सम्बन्धमा कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

४२. **सौर्य बत्ती -** र्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नुपर्ने व्यवस्था छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष नविकरणिय प्रविधी जडान शिर्षकबाट रु.९,९५,५०१ शौर्य बत्ती जडान कार्य खर्च भएको उल्लेख गरेकोमा माग विवरण तथा लागत अनुमान र

प्रमाणित नाप जाँच सहितको विवरण संलग्न राखेको छैन । के- कती परिमाणमा कँहा खपत भयो सोको नापी किताव सहितको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९५,५०१ |

४३. **प्रमाण पुरा नभएका खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहायका खरिद गर्दा प्रमाण पुरा नभई भुक्तानी गरेको देखिन्छः

४३.१ **पाईप खरिद तथा वितरण -** पालिकाले देहायका परिमाणमा पाईप खरिद गरेको देखिन्छः

| गोश्वारा भौचर | परिमाण | मिटर | रकम |
|---|---|---|---|
| १४/२०७९।९।२६ | HDEP Pipe 32 mm<br>HDEP Pipe 20 mm<br>(काँडेतार सहित) | १२००<br>९०० | १९६३८२ |
| | HDEP Pipe 20 mm | १८०० | ९७३६८२ |
| | HDEP Pipe 25 mm | ५७०० | |
| | HDEP Pipe 32 mm | ३००० | |
| | HDEP Pipe 40 mm | ५०० | |
| | | | |
| १९९/२०८०।३।१३ | HDEP Pipe 20 mm | १५ रोल | ४७५९९५ |
| | HDEP Pipe 25 mm | ५ रोल | |
| | HDEP Pipe 32 mm | ५ रोल | |
| | HDEP Pipe 40 mm | २ रोल | |
| | HDEP Pipe 63 mm | २ रोल | |
| २३/२०७९।१०।१८ | साडज नखुलेको | १३४८ | ४९०००० |
| | HDEP Pipe 20 mm | ४८०० | ८२८१३८ |
| | HDEP Pipe 25 mm | ४२०० | |
| | HDEP Pipe 32 mm | २२९० | |

| | | | |
|---|---|---|---|
| १८२/२०८०।३।८ | HDEP Pipe 25 mm | २००० | २९९६३० |
| | HDEP Pipe 32 mm | १४९० | |
| २१५/२०८०।३।१५ | HDEP Pipe 20 mm | | २९९०११ |
| | HDEP Pipe 25 mm | | |
| | HDEP Pipe 32 mm | | |
| | | | |

पालिकाले पाईपहरु वितरण गरिएको भनिएपनि वितरण भरपाई पेश भएको पाईएन। पालिकाले पाईप खरिदको लागि भएको स्वीकृत लागत अनुमान, पाईप वितरण भएको भरपाई र उक्त वितरित पाईपको यथार्थता खुल्ले वास्तबिक नापि किताब तथा पालिकाबाट अनुगमन भएको प्रतिवेदन प्रमाणको रुपमा पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,६२,८३८ |

४३.२ **स्थानीय पाठ्यक्रम निर्माण -** स्थानीय पाठ्यक्रम निर्माण गरेको उल्लेख गरी वि टेक सर्भिस प्रालीले पेश गरेको विल बमोजिम पालिकाले रु. ६,००,००० भुक्तानी गरेको देखिन्छ। पालिकाले पाठ्यक्रम निर्माण गर्नको लागि विषयबस्तुको पहिचान गरिएको पाईएन। छापिएका पाठ्यक्रम संख्या यकिन हुन नसकेको, जिन्सी दाखिला नगरिएको तथा पाठ्यक्रमहरु विद्यायहरुलाई हस्तान्तरण समेत गरेको देखिएन। पालिकाले छपिएका पाठ्यक्रमको जिन्सी दाखिला तथा हस्तान्तरण सहित प्रमाण पेश गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००,००० |

४४. **सफ्टवेयर खरिद -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा खर्चको उपादेयता स्थापित नगरी बजेट खर्च नगर्ने तथा गरिएको खर्चमा अत्यन्त मितव्ययिता अपनाउनुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक बर्षमा विजनेश म्यानेजमेन्ट सर्भिसेस प्रा.लि.बाट रु. ४,९७,२०० को योजना तथा कार्यक्रम अभिलेख व्यवस्थापन सफ्टवेयर र होभर टेक्नोलोजी प्रा.लि.बाट रु. ४,९१,५५५ को दर्ता सिफारिस एवम् प्रमाणपत्र व्यवस्थापन प्रणाली गरि दुई सफ्टवेयर खरिद गरेको देखिन्छ। पालिकाले खरिद गरेको उक्त प्रणालीहरु हाल प्रयोगमा रहेको पाईएन। पालिकाले यि लगायत अन्य सफ्टवेयरहरुलाई समेत प्रयोगमा ल्याई सेवा प्रवाहमा प्रभावकारीता ल्याउनुपर्दछ।

४५. **ब्रोड ब्यान्ड सिपिई आपुर्ति तथा जडान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,

२०७६ दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययित तरिकाले गर्नुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। साङ्ग्रीला इन्फर्मेटिक्स प्रा. लि. ले पालिका भित्रका २६ वटा विद्यालयहरुमा ब्रोड ब्यान्ड सिपिई जडान गरेको विल पेश गरेको आधारमा पालिकाले प्रत्येक विद्यालयलाई रु. ७३,९०० का दरले जम्मा रु. १९,२१,४०० भुक्तानी गरेको छ। पालिकाले रकम सुनिश्चितता भएपश्चात पालिका भित्रका विद्यालयहरुमा ब्रोड ब्यान्ड सिपिई आपुर्ति तथा जडानको आवश्यकता यकिन तथा लागत अनुमान तयार गरि सार्वजिनिक खरिद कानुन बमोजिम बोलपत्र खरिद प्रकृया मार्फत खरिद गर्नुपर्ने देखिन्छ। पालिकाले सार्वजनिक खरिद कानुन बमोजिम प्रतिस्प्रर्धात्मक विधि नअपनाई साङ्ग्रीला इन्फर्मेटिक्स प्रा. लि. ले विद्यालयहरुलाई दिएको विलको आधारमा सम्बन्धित विद्यालयको खातामा रकम निकासा गरेको देखिन्छ। साथै पालिकाले विद्यायहरुमा ब्रोड ब्यान्ड सिपिई जडान भएको, सञ्चालनमा रहको सम्बन्धमा अनुगमन समेत गरेको छैन्। पालिकाले सार्वजिनक खरिद कानून बमोजिम विद्यायहरुमा ब्रोड ब्यान्ड सिपिई आपुर्ति तथा जडानको लागि साङ्ग्रीला इन्फर्मेटिक्स प्रा. लि. छनौटको पुष्टि खुल्ले कागजात र जडान भएका उपकरणहरुको अवस्थाको अनुगमन सहितको प्रतिवेदन पेश सहित नियमसम्मत गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| अनियमित भएको | १९,२१,४०० |

४६. **कृषि अनुदान कार्यक्रम -** लिकालले बजेट विनियोजन गरी कृषि तथा पशु सम्बन्धी समाग्री कृषकलाई वितरण तथा फर्मलाई अनुदान हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरेको देखिन्छ। पालिकाले यस्ता कार्यक्रम सञ्चलान गर्दा अनुदानलाई प्रतिस्प्रर्धी बनाई योग्य लाभग्राही छनौट गरेको पाईएन। अनुदान दिएपछी कृयाकलापगत अनुगमन, मुल्याङ्कन गरी प्रतिवेदन तयार गरेको देखिएन। पालिकाले अनुदान वितरण मात्र गरी उपलब्धि मापन नगर्दा अनुदानमा खर्च गरिएको रकमको औचित्यता पुष्टि नहुने देखिन्छ। पालिकाले कृषि कार्यक्रमहरु सञ्चालन गर्दा योग्य लाभग्राहीहरु छनौट गरी नियमित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन मार्फत अनुदानलाई उपलब्धिमुलक बनाउनु पर्दछ। साथै उपलब्धि मापन प्रणालिको विकास गरि प्राप्त नतिजा अनुरुप आगामि अनुदान कार्यक्रमहरु सञ्चालन गरिनुपर्दछ। पालिकाबाट भएका अनुदान वितरणका केहि उदाहरणहरुः

| कार्यक्रम | लाभग्राही | रकम |
|---|---|---|
| तरकारी मिनिकिट वितरण | कृषक | २,००,००० |
| लक्षित बर्गलाई विउ वितरण कार्यक्रम | कृषक | १,००,००० |
| कृषि विषय अध्ययन गरेर वेरोजगार बसेका युवायुवतिहरुलाई स्वरोजगार कार्यक्रम | दाजुभाई बहुउद्धेश्य कृषि तथा पशुपन्छी फर्म | १,५०,००० |

४७. **चाँसी सडक निर्माण योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ नियम १० मा सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले चाँसी सडक निर्माणको एकै चेनेजमा बारम्बार निर्माण कार्यभएको पाईयोः

| गोश्वारा भौचर | चेनेज | निर्माण व्यवसायि | रकम | कैफियत |
|---|---|---|---|---|
| ५/२०७९।९।४ | ०+०००-०+२४० | टेक कन्स्ट्रक्सन | ७२६७८७ | एकै चेनेज भित्र न्यू कटिङ्गको कार्यको साथै land slide clearance समेत दिईएको |
| ६३/२०७९।१२।०२ | ०+०००-०+३०० | टेक कन्स्ट्रक्सन | ११८५५८ | |
| १४०/२०८०।२।२१ | ०+०००-०+७८० | टेक कन्स्ट्रक्सन | १३६००० | एकै चेनेज भित्र न्यू कटिङ्गको कार्यको साथै land slide clearance समेत दिईएको |
| जम्मा | | | ९८१३४५ | |

एकै चेनेजमा विभिन्न समयमा सोही निर्माण व्यवसायिसँग सम्झौता गरी निर्माण कार्य गराएको नियमसम्मत नदेखिएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | ९,८१,३४५ |

४८. **असम्वन्धित खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी निम्नानुसार खर्च गरेको देखिएको छ ।

| क स | गो.भौ.नं र मिति | कार्यलय वा संस्थाको नाम | कामको प्रकृतिको | भुक्तानी रकम |
|---|---|---|---|---|
| 1 | ३९,२०७९/११/१७ | उद्योग वाणीज्य संघ, डोटी | भवन निर्माण | ४८४९९९ |
| 2 | २७२,२०८०/३/५ | प्रेश युनियन, डोटी | भवन निर्माण | ४७९२३४ |
| 3 | २०१,२०८०/३/१३ | शिद्धराज स्मृती भवन निर्माण | भवन निर्माण | ४८५५२५ |
| जम्मा | | | | १४४९७५८ |

यसरी पालिकाले गरेको खर्चलाई मनासिव मान्न नसकिने हुँदा पालिकालेरोजगारी सृजना गरी पालिका भित्रका बासिन्दाको आर्थिक स्तर बृद्धि गर्न सहयोग पुर्‍याउने प्रकृतिका कार्य गर्न प्राथमिकता दिनुपर्ने देखिन्छ ।

४९. **क्याम्पसलाई अनुदान -** नेपालको संबिधान, २०७२ को धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची - ८ मा उल्लेखित विषयमा निहित रहने उल्लेख छ । यस्तो अधिकारको प्रयोग यो संबिधान र गाउँसभा वा नगर सभाले बनाएको कानूनबमोजम हुने उल्लेख छ ।यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहलाई संबिधानको अनुसूची - ८ बमोजिम एकल अधिकारको सूची अर्न्तगत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ ।उक्त दफा बमोजिम स्थानीय तहले सामुदायिक बिद्यालयको शैक्षिक पूर्बाधार निर्माण, मर्मत संभार, संचालन र व्यबस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ । तर यस पालिकाले खप्तड क्याम्पस फर्निचर व्यवस्थापनका लागि उल्लेख गरी बिल पेश गरेको आधारमा रु.४,९९,९०० भुक्तानी दिएकोले पालिकाको कार्य क्षेत्र भित्र नपर्ने कार्यका लागि गरिएको उक्त खर्चलाई मनासिव खर्च मान्न सकिएन ।यस तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

५०. **नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यविधी २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) वमोजिम स्थानिय तहसंग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष १२ जना लाभग्राहीलाई सुरक्षीत नागरिक आवास अनुदान रकम वापत उल्लेख गरी जम्मा रु.२०,००० का दरले २४०,००० उपलव्ध गराएकोमा प्राविधिक प्रतिवेदन विना अनुदान उपलब्ध गराएको छ । अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन मुल्यांकन गरी आवास निर्माण कार्य सम्पन्न भएको खुल्ने प्राविधिक प्रतिवेदन पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४०,००० |

५१. **साझेदारी कार्यक्रम -** पालिका र निड्स नेपाल बिच मिति २०८०/१/२४ मा भएको सम्झौतामा जम्मा लागत रु.५,४७,००० मध्ये रु.३,४७,००० (६३.४३) प्रतिशत निड्स नेपालले र रु.२,००,०००

(३६.५६) पालिकाले साझेदारी गर्ने सम्झौता भएकोमा निड्स नेपालले पेश गरेको बिल र कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.२००,००० को मात्र कार्य भए अनुसार पालिकाले रु.७३,१२० भुक्तानी दिनुपर्नेमा सम्झौता भन्दा बढी हुने गरी रु.२,००,००० भुक्तानी गरेको पाईयो ।कार्यसम्पन्न प्रतिवेदन अनुसार सम्झौता भन्दा बढी भएको भुक्तानी रकम रु.१,२६,८८० निड्स नेपालबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२६,८८० |

५२. **नर्म्स भन्दा बढी भुक्तानी -** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद नं ७.१.१५ सि. नं. ४ मा तालिम केन्द्र बाहेक अन्य निकायवाट गाउँपालिकास्तरमा सञ्चालीत सहायक स्तरको तालिम / अन्य तालिममा कक्षा सञ्चालन वापत रू.६०० र कार्यपत्र वापत रू.७००। पाउने तथा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा सञ्चालन वापत पारिश्रमिक नपाउने, कार्यपत्रको मात्र पारिश्रमिक पाउने व्यवस्था छ। यस पालिकाले सञ्चालन गरेको १ दिने लक्षित बर्ग कार्यक्रममा ३ दिनको प्रशिक्षक भत्ता उल्लेख गरी श्री लाल बहादुर वि.क लाई रु.१८,००० भुक्तानी गरेको पाईयो । यस सम्वन्धमा पालिकाले एकिन गरी बढी भएको भुक्तानी रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,००० |

५३. **खेलकुद कार्यक्रमा बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ।पालिकाले खेलकुद कार्यक्रमहरुमा गा.पा बाट खेलाडी छनोट गरी पठाउदा भएको खर्च उल्लेख गरी खेलकुद कार्यक्रम शिर्षकबाट विभिन्न पाँच वटा सप्लायर्सलाई रु.२,२३,००० भुक्तानी गरेको पाईयो ।पालिकाले ४० जना खेलाडीहरु तथा प्रशिक्षक विभिन्न खेलकुद कार्यक्रममा सहभागिता जनाएको प्रमाण पेश गरेकोमा सो संख्या भन्दा बढी हुने गरी ट्राउजर ३२ जोर रु.५९,८३५, जुता ११ जोर रु.४१८००, मोजा १० जोर १,५०० र गेम ड्रेस १८ जोर रु.१३,५०० गरी जम्मा रु.१,१६,६३५ खर्च भएको पाईयो ।प्रयोजन नखुलाई र प्रयोग भएको समेत नदेखिने गरी यसरी गरिएको खर्चलाई मनासिव मान्न नसकिने हुँदा यस सम्वन्धमा पालिकाले एकिन गरी बढी भएको भुक्तानी रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१६,६३५ |

५४. **खेलकुद कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगदी, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ ।पालिकाले सञ्चालन गरेको तपसिलबमोजिमको खेलकुद प्रतियोगिता कार्यक्रममा खाना, खाजा, भत्ता र ड्रेसमा खर्च भएको विल भरपाई मात्र संलग्न राखि रु. ३९०,००० खर्च गरेको छ ।

| क्र.स | गो.भौ.नं र मिति | खेलकुद कार्यक्रम | भुक्तानी लिनेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १५७,२०७९/११/१८ | युवा खेलकुद कार्यक्रम | रमेश वहादुर साँउद | २४०००० | मेडल खरिद, खाना, नास्ता र चियाको विल मात्र पेश |
| २ | १५९,२०७९/११/२६ | वडास्तरिय भलिवल प्रतियोगिता | वडा स्तरिय भलिवल खेल संचालन समिति | १५०००० | खाना, नास्ता, चियाको विल, गाडी भाडा, ड्रेस र प्रशिक्षकमा खर्च |
| जम्मा | | | | ३९०,००० | |

कुन दिनमा कति खेलाडी र प्रशिक्षकको लागि के कति खर्च भयो प्रष्ट नभएको र कुन खेलका लागि कति खेलाडीले सहभागिता जनाएका थिए सो लाई पुष्टी गर्ने प्रतिवेदन नराखी भुक्तानी गरेको पाईयो ।अतः परिचय खुल्ने कागजात सहित खर्च खुल्ने प्रष्ट आधार र आवश्यकतालाई ख्याल गरि मितव्ययी तरिकाले खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

५५. **शिक्षक व्यवस्थापन अनुदान -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले स्वीकृत दरबन्दी बाहिर पालिकाभरिका ३० विद्यालयहरूमा शिक्षक व्यवस्थापन अनुदान उल्लेख गरी रू.१,००,००,००० भुक्तानी गरेको छ ।कुन विद्यालयले कति जना शिक्षक नियुक्ती गरेको छ सोको विवरण समेत पालिकामा नराखी, शिक्षक विद्यार्थि अनुपात नमिलाई र दरवन्दी मिलान नगरी यसरी गरिएको खर्चलाई मनासिव मान्न नसकिने हुँदा यस तर्फ पालिकाले ध्यानदिनुपर्ने देखिन्छ ।

५६. **गाडी भाडा -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली,२०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ।पालिकाले विभिन्न मितिमा सवारी धनीसँग सम्झौता गरेर गाडी भाडामा लिई प्रयोग गरेको देखिन्छ।यसरी गाडी भाडामालिई सवारी साधन तथा मेशिनरी औजार शिर्षकबाट रु.२,९९,८०० सहित अन्य शिर्षकबाट खर्च गरेको छ । कार्यालयको कामकाजको शिलशिलामा मात्र खुलाई प्रष्ट प्रयोजन बेगर पालिकाको आफ्नै गाडी हुँदाहुँदै गाडी भाडामा लिई प्रयोग गर्ने गरेको पाईयो । यस सम्वन्धमा केही उदाहरणहरु –

| क.स | भुक्तानी लिनेको नाम | प्रयोग भएको स्थान | दर | पटक/दिन | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | धन वहादुर खड्का | शिलगढी | ५००० | २ | १०००० |
| २ | ओम प्रसाद जोशी | धनगढी -आदर्श | १५००० | ४ | ६०००० |
| ३ | टेक वहादुर खड्का | नखुलेको | ८००० | ८ | ६४००० |
| जम्मा | | | | | १,३४,००० |

पालिकाले यस्तो खर्चलाई नियन्त्रण गरी खर्च गर्दा मितव्ययी हुनु पर्ने देखिन्छ ।

५७. **आईटी ल्याब व्यवस्थापन -** शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ । सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरि स्थापना गरिने कम्प्युटर तथा सूचना प्रविधि जन्य उपकरणहरुको स्टयाण्डर्ड र स्पेसिफिकेशन हुनु पर्दछ । पालिकाबाट संचालित यस कार्यक्रम अन्तर्गत निम्नानुसार विद्यालयहरुले खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनु पर्दछ ।

| क स | गो.भौ.नं र मिति | विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | १०,२०७९/१२/१२ | प्रभात माध्मिक विद्यालय देहिमाण्डौ | ६५०००० |
| २ | १८,२०८०/२/१२ | भैरव माध्यमिक विद्यालय | ६५०००० |
| | | जम्मा | १३,००,००० |

५८. **प्रमाण पेश गर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ। कार्यालयले संचालन गरेका तपसिलबमोजिमका तालिम तथा कार्यक्रममा हेन्डआउट संलग्न नराखी तथा कक्षा संचालन गर्दा सिकाईएका विषयवस्तु संलग्न नराखी प्रशिक्षक भत्ता भुक्तानी गरेको पाईयो ।

| क.स | गो.भौ.न.र मिति | भुक्तानी लिनेको नाम | तालिम तथा कार्यक्रम | रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ३७१,२०८०/३/१३ | रमेश चन्द्र ओझा | महिला तथा बालबालिका शसक्तिकरण कार्यक्रम | ४९८७० |
| २ | ३७२,२०८०/३/१३ | ठम्मान सिंह सेटी | महिला शसक्तिकरण कार्यक्रम | ९८१७५ |
| ३ | ३८८,२०८०/३/१५ | लाल बहादुर वि.क | लक्षित वर्ग कार्यक्रक | १९९९०० |
| जम्मा | | | | ३,४७,९४५ |

प्रत्येक सेशन खुल्ने हेन्डआउट तथा कक्षा संचालन गर्दा सिकाईएका विषयवस्तु खुल्ने प्रमाण पेशगर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४७,९४५ |

५९. **आन्तरिक आयतर्फ -**

५९.१ राजस्व अभिलेखः कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन् एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

५९.२ **निरीक्षण नभएको -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था देखिएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु. २८,९८,८०२ यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ । उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षण समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन ।

५९.३ **ढिला राजश्व दाखिला-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित

कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ । पालिकाका विभिन्न वडाहरुबाट संकलन भएको राजश्व समयमै दाखिला नगरी नगद नै बाँकी राखि ढिला दाखिला गर्ने गरेको पाईयो यसमा तत्काल सुधार हुनुपर्दछ ।

ढिला दाखिदा देखिने केहि उदाहरण निम्नअनुसार छन् :-

| वडा नं. | आम्दानी मिति | रकम | दाखिला मिति |
|---|---|---|---|
| १ | २०७९ साउन देखि २०८०।३।१७ सम्मको | २,६१,८०५ | २०८०/३/१७ |
| २ | २०७९/४/1 देखि २०७९/७/२० सम्मको | ६८,००० | २०७९/७/२० |
| ५ | २०७९ साउन देखि २०८०/३/४ सम्मको | १,०७,८४० | २०८०/३/५ |

६०. **शिक्षक दरवन्दी र पदपुर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३८ सामुदायिक विद्यालय रहेका छन् । सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ । शिक्षक बिद्यार्थी अनुपात नमिलेका विद्यालयको अनुपात मिलानका लागि पालिकाको ध्यान जानुपर्दछ ।

| सि. नं | विद्यालयकोसंख्या | शिक्षकदरबन्दी | पदपुर्ति | पदपुर्तिमध्येकरार | विद्यार्थीसंख्या | प्रतिशिक्षकबिद्यार्थीअनुपात |
|---|---|---|---|---|---|---|
| १ | ३८ | १३० | १३० | १३ | ८५८५ | १:६६ |

६१. **विद्यार्थी संख्याको सत्यापन -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, स्यानिटरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ। यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ। यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर IEMIS लगत कट्टा भईसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।

६२. **अनुगमन नियमन व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याकंन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसवाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनु पर्दछ ।

६३. **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३६ वटा सामुदायिक विद्यालयमा १३० शिक्षक दरवन्दी रहेकोमा १३० शिक्षकको पदपूर्ति रहेको छ । शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमशः ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२(क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ । पालिकाका स्थित ३८ वटा सामुदायिक विद्यालयमा ८५८५ जना विद्यार्थी अध्ययनरत रहेका छन् । विद्यालयहरुको नमुना छनौट गरि हेर्दा देखिएको ब्यहोरा निम्नानुसार छन् ;-

| सि.न. | विद्यालयकोनाम | शिक्षकदरबन्दी | पदपुर्ति | विद्यार्थीसंख्या | शिक्षकविद्यार्थीअनुपात |
|---|---|---|---|---|---|
| १ | कालिका आ.वि | २ | २ | १९ | १:९ |
| २ | शारादा आ.वि | १ | १ | १६ | १:१६ |
| ३ | दुर्गा आ.वि | २ | २ | ४१ | १:२० |
| ४ | प्रभात मा.वि | १५ | १५ | ७२४ | १:४८ |
| ५ | सरस्वती आ.वि | ३ | ३ | २१० | १:७० |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:९ देखि १:७० सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ । अतः भौगोलिक दुरी टाढा भएमा वालविकास केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

६४. **दिवा खाजाको अनुगमन मुल्याङ्कन नगरेको -** आर्थिक वर्ष २०७९।८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ ।

त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ । पालिकाले शसर्त अनुदानबाट कुल विद्यालयका लागि दिवा खाजा बापत गो.भौ नं २८ मिति २०७९।९।२० मा रु. १८,३४,३३५, गो.भौ नं ४७ मिति २०७९।११।२८ मा ४०,०९,३५०, गो.भौ नं २२२ मिति २०८०/३/२१ मा रु.३९,८९,१०० र गो.भौ नं ८७ मिति २०७९।३।३१ मा रु. ४,८०,००० मा विद्यालयहरुको खातामा रकम निकासा गरेको पाइयो । निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खाने कुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्वन्धित निकायबाट अनुगमन हुने गरेको देखिएन । पालिकाले निकासा गरेको रकमको तोकिए अनुसार खर्च भए नभएको सुनिश्चित हुने अबस्था रहेन । पालिका र यस सँग सम्वन्धित निकायले अनुगमन गरि निकासा रकमको उच्चतम सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ ।

६५. **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई राख्नुपर्ने व्यबस्था छ । पालिकाले औषधि ढुवानी वापतको रकम रु. २,०१,६०० भुक्तानी गर्नुपर्नेमा रु. २,१६,००० भुक्तानी भएको पाईएको छ । अतः बढी भएको भुक्तानी रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,४०० |

६६. **बितरण भरपाई नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई राख्नुपर्ने व्यबस्था छ । पालिकाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत अदुवा बेसार पकेट कार्यक्रमका लागि निम्न अनुसारको खरिद गरेको तर वितरण भरपाई संलग्न गरेको पाईएन । अतः प्रमाण पेस गर्नुपर्ने रु.

| क.स | गो.भौ. नं र मिति | खरिद | रकम |
|---|---|---|---|
| १ | १४५/२०८०/३/१२ | अदुवा र बेसार | २,५०,००० |
| २ | १५१/२०८०/३/१३ | अदुवा र बेसार | १,९०,००० |
| ३ | १५५/२०८०/३/१३ | अदुवा र बेसार | १,४०,००० |
| जम्मा | | | ५,८०,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,८०,००० |

६७. **नुवाकोट खानेपानी निर्माण योजना -** ठेक्का नं ARM/NCB/WORKS/079-080/02 रहेको नुवाकोट खानेपानी निर्माण योजनाको निर्माण कार्य गर्न एम.बी. कन्स्ट्रक्सनसँग रु. ७२०९७४८ मा मिति २०८०।३।१५ भित्र सम्पन्न गर्ने गरी मिति २०७९।१२।३ मा सम्झौता भएको देखिन्छ। यस निर्माण कार्यमा देखिएका कैफियतहरुः

६७.१ **भेरियसन गरिएको -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई प्रकृया पुरा गरि भेरियसन गर्न सकिने व्यवस्था छ। यस नुवाकोट खानेपानी निर्माण कार्यको लागत अनुमानमा GI Pipes सम्बन्धी कार्य समावेश नगरीएको भएतापनी नापी किताबमा कार्य भएको उल्लेख गरि भुक्तानी गरेको पाईयो। पालिकाले यस कार्यहरुको भेरियसन नगरी जिल्ला दररेटमा उल्लेखित मुल्यमा ४ प्रतिशत Negotiation in VAT bill rate जनाई कार्य गराएको देखिन्छ। निर्माण कार्यको क्रममा सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको कार्यहरुको भेरियसन गरी कार्य सम्पन्न गरिनुपर्नेमा सामान्य कार्यहरुलाई समेत लागत अनुमान तयार गर्दा समावेश नगरीएको तथा त्यस्ता कार्यमा ४ प्रतिशत Negotiation उल्लेख गरि भुक्तानी गरिएको नियमसम्मत नदेखिएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | १,५५,७४४ |

६७.२ **निर्माण कार्य अधुरै रहेको -** सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम निर्माण व्यवसायीले सम्झौता पत्रमा उल्लेखित मिति भित्र कार्यसम्पन्न गर्नुपर्ने हुन्छ। सम्झौता मिति भित्र ऐनको दफा ५६ र नियमावलीको नियम १२० मा उल्लेखित अवस्था सृजना भएमा प्रकृया पुरा गरि म्याद थप गर्न सकिने व्यबस्था छ। तर म्याद थप नभएमा र सम्झौता मिति भित्र कार्य सम्पन्न नभएको अवस्थामा नियम १२१ बमोजमि पुर्व निर्धारित क्षतिपूर्ति लगाउनु पर्ने हुन्छ। हालसम्म पनि यस निर्माण कार्य अधुरै रहेको अवस्थामा पालिकाले यस ठेक्काका सम्बन्धमा सम्बन्धित निर्माण व्यवसायीबाट नियमबमोजिम पूर्वनिर्धारित क्षतिपूर्ती लगाई कार्यसम्पन्न गराउने अन्यथा ठेक्का तोड्ने सम्बन्धमा आवश्यक कारबाहि गर्नुपर्दछ।

६८. **लिफ्टिग निर्माण योजनाको कार्य स्वीकार -** सार्वजनिक खरिद नियमावलीको निमय ११७(२क) निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगती भएमा कार्य स्वीकार गर्न सकिने व्यवस्था छ। ठेक्का नं ARM/NCB/WORKS/2079-080/01 रहेको चौका, खतेडा, बविना, काडाँ, सिल्ल गाउँ सोलार लिफ्टिङ्ग निर्माण योजनाको निर्माण कार्यको लागि पालिकाले त्रिनेत्र कन्स्ट्रक्सन एण्ड कन्सल्ट प्रालिसँग भ्याट बाहेक रु. ८०,०७,८७४ मा सम्झौता गरेको देखिन्छ। पालिकाले योजनाको कार्य स्वीकार गरी सम्बन्धित निर्माण व्यवसायीलाई कुल रकम रु. ६१८८३१३ भुक्तानी गरेको छ। यस निर्माण कार्यको सुरु लागत अनुमान अनुसार कतिपय कार्यहरुको परिमाण कार्य स्वीकार प्रतिवेदनमा न्यून वा शुन्य भएको र सम्झौता र भुक्तानी रकमको आधारमा ७७.२७ प्रतिशत कार्य मात्र सम्पन्न अवस्थामा कार्यस्वीकार गर्नु मनासिब देखिदैन।

पालिकाले सम्बन्धी निर्माण कार्यको अनुगमन गरी सम्झौता बमोजिम पूर्ण रुपमा कार्य सम्पन्न नभएको देखिएमा बाँकी कार्य सम्बन्धित निर्माण व्यवसायिबाट सम्पन्न गराउनुपर्दछ।

६९. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिका र वडा प्रयोजनका लागि आ.व २०७९/८० मा मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट मात्र रु.४४,६०,७८१ कार्यालय सामान खरिद गरेकोमा पुर्णरुपमा प्रतिस्पर्धात्मक विधि अपनाइएको पाईएन । यस्ता कार्यलाई नियन्त्रण गरी पालिकाले सार्वजनिक खरिद ऐन र नियमावलीले व्यवस्था गरे बमोजिमका खरिद विधि अपनाउने तर्फ पर्याप्त ध्यान दिनु पर्दछ ।

७० **डिपिआर पेश गर्नुपर्ने -** पालिकाले १४.५० किलोमिटर लम्बाईको मौवा-लम्नीखाल सडकको डिपिआर निर्माणको लागि शुभलक्ष्मी इन्जिनियरिङ्ग सर्भिस एण्ड कन्स्ट्रक्सन प्रालिसँग मिति २०८०।२।१७ मा रु. १९,९८,२९८ को सम्झौता गरेको देखिन्छ। यस आर्थिक बर्षमा ५ किलोमिटर सडकखण्डको मात्र डिपिआर गरेको उल्लेख गरी सम्बन्धित कन्सल्टेन्टलाई पालिकाले रु. ५,९३,२५० भुक्तानी गरेको देखिन्छ। पालिकाले ५ किलोमिटरको डिपिआर तयार गरेको उल्लेख गरी परामर्शदातालाई रु. ५,९३,२५० भुक्तानी गरेको भएपनी प्रतिवेदन पेश गरेको पाईएन। त्यस्तै पालिकाले परामर्शदातासँग डिपिआर निर्माणको लागि प्रति किलोमिटर खर्च रु. १,१८,६५० (भ्याट सहित) मा सम्झौता गरेको देखिन्छ। सडक विभागको Norms for Estimate of Consultancy services related to road and bridge works-2075 बमोजिम दर विश्लेषण गर्दा १४.५० किलोमिटर सडकको डिपिआर निर्माणको लागि प्रति किलोमिटर भ्याट रकम सहित रु. १,०६,३८०.६३ पर्ने भएकाले पालिकाले डिपिआर निर्माणको लागि प्रतिकिलोमिटर रु. १२,२७० बढी भुक्तानी गरेको देखिन्छ। अतः पालिकाले यस आर्थिक बर्षमा ५ किलोमिटर डिपिआर निर्माणको लागि भुक्तानी गरेको अवस्थामा सम्बन्धित परामर्शदातालाई रु. ६१३५० बढि भुक्तानी भएको देखिन्छ। पालिकाले बढी भुक्तानी भएको रकम असुलउपर गरी जिन्सी दाखिला सहित डिपिआर प्रतिवेदन प्रमाणको रुपमा पेश गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९३,२५० |

७१. **प्रतिस्पर्धा बेगरको खरिद -** सार्वजनिक खरिद ऐन, २०६३को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दीदरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तैसोझैखरिद कार्यगर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंगएक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकालेयो वर्षसडक निर्माण तथा अन्य निर्माण कार्यगर्दा प्रतिस्पर्धात्मक विधि नपनाईनिम्नानुसार रु.१,०७,००,२५६ को सोझै खरिद गरेको देखियो।ठेक्का मार्फत कार्य गराउदा घटाघट पनि हुन

सक्नेअवस्थामा सोझै निर्माण व्यवसायीबाट खरिद भएकोलेलागत अनुमानकै हाराहारीमा सम्झौता भई भुक्तानी भएको हुँदा निर्माण कार्य महंगो परेको देखिन्छ ।

| क्र.सं. | निर्माणव्यवसायी | निर्माणकार्य | लागत अनुमान | भुक्तानी |
|---|---|---|---|---|
| १ | टेककन्ट्रक्सन | चाँसी सडकनिर्माण योजना, आदर्श ०१ | ९०७२६३ | ७०५,६१९ |
| २ | एस. जेकन्ट्रक्सन | कालशैनीभैरव मन्दिर निर्माण, आदर्श ०१ | ७४९९७४ | ७४६,८७८ |
| ३ | ओम सिमाईलकन्ट्रक्सन | गौरेली देखी देही गाउँ हुदै डोकट, पातल, रोडींड र डोकत देखी रोडिंगबाटो मर्मत | ९९६८५७ | ९८४,६०८ |
| ४ | रोयल भगवतीकन्ट्रक्सन एण्ड सप्लायर्स | आदर्श गा. पा ०४ र ०७ को रेजुला पहिरो सडक सफाई | ३५०२९४ | ३४१,५०२ |
| ५ | के.पि. कन्ट्रक्सन एण्ड कन्सल्टेन्ट सर्भिस प्रा. लि. | आदर्श गा. पा ०२ र ०३ का सम्पूर्ण सडक सफाई | ९९४४७९ | ९७७१८० |
| ६ | जय भवानीकन्ट्रक्सन | मौवागिरिचौका सडक सफाई | ९३२७९३ | ९०४५२४ |
| ७ | आर.डि.कन्ट्रक्सन | रामजानकी मन्दिर परिसर पर्यटन पूर्वाधार निर्माण | ९९९७५७ | ९१०,६०७ |
| ८ | एच.एल.वि.कन्ट्रक्सन | भैरव, नाडे, चांसी र मेलगडा सडक मर्मत | ५३५१६५ | ५०२२६६ |
| ९ | रोयल भगवतीकन्ट्रक्सन एण्ड सप्लायर्स | सडक सफाई स्याउले, ऐली, पातल, भारिकोट सडक | ९९८२२९ | ९७३,२२५ |
| १० | आलोकविल्डर्स प्रा.ली | नाली निर्माण योजना, आदर्श गा.पा वडा नं२ | ९९४४०३ | ९९४,३५३ |
| ११ | आर.डि. ईन्जिनियरिङ्ग कन्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.ली | ढक्रचा सडकनिर्माण, आदर्श वडा नं ५ | ८०९३९७ | ७२३,१५४ |

| | | | | |
|---|---|---|---|---|
| १२ | एम.विकन्सट्रक्सन | आदर्शगा.पा पालेघर निर्माण | ४३१२७३ | २८५,५३५ |
| १३ | एन.केकन्सट्रक्सन एण्ड सप्लायर्स | दहकालीकास्वास्थ्य चौकी घेरवार निर्माण | ४००२८८ | ३८२,२३४ |
| १४ | जे.एसकन्सट्रक्सन | शिद्धराजस्मृति भवन निर्माण | ५००००० | ४६३,२७४ |
| १५ | खुमव्रदर्श निमार्ण सेवा | वडा नं १ कार्यालयको पर्खाल निर्माण, आदर्श वडा नं १ | ८४३८७७ | ८०५,२९७ |
| जम्मा | | | १,१४,४४,०४९ | १,०७,००,२५६ |

यस्तो कार्यमानियन्त्रण गरी पालिकाले खरिद कार्य गर्दा पूर्णरुपमा प्रतिस्पर्धात्मक विधि अपनाउनु पर्दछ ।

७२. **वडा कार्यालय भवन डेन्टिङ्ग, पेन्टिङ -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली,२०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ । पालिकाले वडा कार्यालय भवन डेन्टिङ्ग पेन्टिङ कार्य वापत उल्लेख गरी डोर हाजिरका आधारमा ईकरार अहमदलाई रु.३५,००० र सगुन हार्डवेयरलाई रु.१,६५,००० गरी जम्मा रु.२००,००० भुक्तानी दिएकोमा रु.१,६९,०३५ को मात्र कार्य भएको खुल्ने कार्यसम्पन्न प्रतिवेदन संलग्न राखेको पाईयो । कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको रकम भन्दा बढी रकम भुक्तानी दिनुपर्ने कुनै आधार, प्रमाण तथा कारण नदेखिएको हुँदा बढी भएको भुक्तानी रकम रु.३०,९६५ सम्वन्धित जिम्मेवार व्यक्तीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,९६५ |

७३. **उपभोक्ताको काम निर्माण ब्यावसायीबाट गराएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१३ क)मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसंग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने ब्यवस्था छ। यस पालिकामा सञ्चालित उपभोक्ता समितिले प्राप्त गरेका निर्माण सम्बन्धी कार्य नियमावलीमा भएको ब्यवस्था बिपरित निर्माण ब्यवसायिलाई सहभागी गराई कार्य सम्पन्न गर्ने अभ्यासलाई अन्त्य गर्नु पर्दछ। यस आर्थिक बर्षमा निम्न उपभोक्ता समितिहरुले आफ्नो कार्यलाई निर्माण व्यवसायिहरुद्धारा गराई भुक्तानी लिएको रकम नियमसम्मत नदेखिएको रु.

| गोभौ/मिति | उपभोक्ता समिति | भुक्तानी रकम | निर्माण व्यवसायी | निर्माण व्यवसायीद्धारा पेश भएको विल रकम |
|---|---|---|---|---|
| २२/२०७९।१०।१७ | टोटमारा सडक निर्माण योजना उस | ४८४५०० | अश्द्धारा कन्स्ट्रक्सन (AD) | ६४४४१९ |
| ३०/२०७९।११।३ | भैरब मावि लाखडा हुदै विनतोला सम्म सडक निर्माण | ४९९७८ | अश्द्धारा कन्स्ट्रक्सन (AD) | ६७७८२४ |
| ५२/२०७९।११।३० | कपिलास आधारभुत विद्यालय | १९११२१ | जय भवानी कन्स्ट्रक्सन | २५५०९५ |
| ५५/२०७९।१२।२ | मेलगडा सरङ्गाईल सडक निर्माण योजना उस | ८६९६८७ | अश्द्धारा कन्स्ट्रक्सन (AD) | ११९०१८८ |
| २३३/२०८०।३।१८ | काडाँ बविना सडक निर्माण उस | १९३७६२९ | त्रिनेत्र कन्स्ट्रक्सन एण्ड कन्सल्ट प्रालि | २२८३६१२ |
| जम्मा | | ३५३२९१५ | | ५०५११३८ |

| | |
|---|---|
| अनियमित भएको | ३५,३२,९१५ |

७४. **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने

गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ६,२०८०/२/९ र ३४,२०८०/३/१८ | गिरी चौका मा.वि | भवन निर्माण | ४९९४१२० |
| ३७,२०८०/३/१८ | कपिलास आधारभुत विद्यालय | भवन निर्माण | २४९४८०२ |
| जम्मा | | | ७४,८८,९२२ |

---

७५. **बढी दरमा भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण सम्वन्धी कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सोही प्रयोजनका लागि प्रत्येक जिल्लाले त्यस जिल्लाको लागि लागु हुने गरी निर्माण सामाग्रीको दर तोकेको हुन्छ । यसरी तोकिएको जिल्ला दररेट र सम्वन्धित नर्म्स प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्दछ। तपसिल बमोजिमको निर्माण कार्यमा पालिकाले बढी दररेट राखि लागत अनुमान तयार गरेर सोही अनुसार भुक्तानी दिएको हुँदा बढी हुन गएको रकम सम्वन्धित उपभोक्ता समितीबाट असुल गर्नु पर्ने रु.

| क्र.स | गो.भौ.नं र मिति | भुक्तानी लिनेको नाम | हुनुपर्ने दर | भएको दर | परिमाण | बढी भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | Wiremesh Net With Iron Angle Post | | | | | | |
| १ | ९२,२०८०/१/२४ | ऐली बिजौडा पोखरी निर्माण उ.स | ११५६.४ | २३१२.१८ | २७.८१ | ३२१५९ | पालिकाले दर विश्लेषण गरी कायम भएको दरलाई २ ले गुणन गरेर दर कायम भएको |
| २ | १२६,२०८०/२/५ | सिलास पोखरी निर्माण उ.स | १३३५.८३ | २६७१.६८ | २५.५६ | ३४१४३ | |
| ३ | १४१,२०८०/२/२१ | जिमड सिचाई | ९३७ | ३२४६.१० | २२ | ५०००८ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पोखरी निर्माण उ.स | | | | | |
| ४ | ८७,२०८०/१/१२ | लाटा देवता घेरावार निर्माण उ.स | १०१०.१७ | ३३६९ | ८४ | १९८१४१ | |
| ५ | १५९,२०८०/२/३२ | देवकी आधारभुत विद्यालय घेरापर्खाल निर्माण | १०२९.८९ | २०५९.८० | ९० | ९२६९१ | |
| ६ | १८५,२०८०/३/८ | लक्ष्मि आधारभुत विद्यालय घेरवार निर्माण उ.स | १२२८.५ | २४५७ | ३४ | ४१७६९ | |
| ७ | | दहकाली स्वास्थ्य चौकी घेरवार निर्माणको एन.के कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई भुक्तानी | ५३२.४५ | १०६५ | १६० | ८५२०८ | |
| ८ | २१३,२०८०/३/१५ | खुमब्रदर्स निर्माण सेवा | १९३० | ३८६० | ७८ | १५०५४० | |
| P.C.C 1:2:4 | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | १४५,२०८०/२/२३ | मोतिगाँउ देखी मार्ड सम्म बाटो ढलान उ.स | १५६३६ | १५५४२ | २८.९५ | २७२१ | जिल्ला दररेट अनुसार ४० MM को गिट्टीको रु. १,९०० रहेकोमा रु.२,१०० राखी दरविश्लेषण गरिएको |
| १० | संघिय १३,२०८०/१/१४ | बाँझ दुर्गादिवी मन्दिर निर्माण उ.स | १६१२५ | १६०३१ | २०.१० | १८८९ | |
| ११ | २३,२०८०/३/७ | नमादेवी मन्दिर निर्माण उ.स | १५८९५ | १५८०१ | १४.९८ | १४०८ | |
| १२ | ३३,२०८०/३/१७ | तेडी मन्दिर | ११९३३ | ११८३९ | २२.०५ | २०७२ | |
| १३ | ३५,२०८०/३/१८ | दुर्गा मन्दिर निर्माण उ.स | १६१८५ | १६०९१ | १६.६३ | १५६३ | |
| १४ | ३८,२०८०/३/१८ | भरसिन तेडि मन्दिर निर्माण उ.स | १२२६० | १२१६६ | २१ | १९७४ | |
| १५ | २५,२०८०/३/७ | आगरभुराण उ.स | १६३३६ | १६२४२ | १५.०२ | १४११ | |
| १६ | २९,२०८०/३/१४ | तोडी देवता मन्दिर निर्माण कोँडा | १५९२४ | १५८३० | ३८.५५ | ३६२३ | |
| १७ | ३०,२०८०/३/१४ | कालिका मन्दिर निर्माण उ.स | १७२८३ | १७१८९ | १३.२३ | १२४३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | ३१,२०८०/३/१४ | लाटादेवता मन्दरि निर्माण उ.स | १७०४९ | १६९५५ | १४.३५ | १३४९ | |
| P.C.C 1:3:6 | | | | | | | |
| १९ | ७६,२०७९/१२/१३ | मल्लो सडक देखी तल्लो सडक सम्म गोरेटो निर्माण उ.स | १२३६१ | १२२३१ | ५५.६७ | ७२३७ | |
| २० | ११९,२०८०/२/३ | मल्ले गाँउ बाटो निर्माण उ.स | १३८१३ | १३६८३ | २६.४८ | ३४४२ | |
| Machine Made Of Gsbion Box | | | | | | | |
| २१ | १४७,२०८०/२/२३ | लुवाघर कठायाली खा.पा मर्मत | ३०३१.२५ | ३९३८.७९ | ६ | १७३११ | Packing and filling मा ९ घ.मी को दिनुपर्नेमा १२ घ.मि को दिएकोले बढी भएको रु.११८६६.५ सहित |
| जम्मा | | | | | | ७,३१,९०२ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,३१,९०२ |

७६. **उपभोक्ता समितिको कार्यको विश्वसनियता** - सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन,परिचालन तथा व्यबस्थापन सम्बन्धी सम्बन्धी कार्यबिधि,२०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यबस्थाको बुँदा

नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट र फोटो र दृष्य सामग्री सम्लग्न गर्नु पर्नमा नगरेको, साथै उपभोक्ता समितिले बिभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संम्लग्न गरेमा कामको बिश्वसनियता बृद्धि गर्न थप गर्न सहयोग पुऱ्याउनेमा सो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन ।यस्तो अबस्थामा उपभोक्ता समितिको नामबाट भएका बिभिन्न बैठक तथा सार्वजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि बिश्वस्त हुने अबस्था छैन । यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ ।

७७. **पिसिसि बाटो निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ९७(६) मा उपभोक्ता समितिले आफुले गरेको खर्चको बिल, भरपाई प्रमाणित गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने र निमय ९७(११) मा पालिकाले उपभोक्ता समितिले गरेको काम पुष्टि गरि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्न, नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने लगायतका कानुनी व्यवस्था छन्। देहायका उपभोक्ता समितिहरुको पिसिसि बाटो निर्माण कार्यको नापी किताबमा बाटो निर्माणको लागि खनिएको लम्बाई तथा चौडाई भन्दा बढी क्षेत्रमा सोलिङ्ग तथा पिसिसि गरिएको पाईयोः

| गोश्वारा भौचर | उपभोक्ता समिति | कैफियत | भुक्तानी |
|---|---|---|---|
| १०२/२०८०।१।२५ | सातला रोड देखि भैरबथानसम्म बाटो सोलिङ्ग निर्माण उस | बाटो निर्माणको लागि ३७.५० मिटर लामो, १.२० मिटर चौडाई खनिएको तर सोलिङ्ग कार्य १३७.५ मिटर लम्बाई र अधिकतम १.३७ मिटर चौडाई सम्म र पिसिसि १३७.५ मिटर लम्बाई र चौडाईमा अधिकतम १.९५ मिटरसम्म गरिएको। | २८२२५५ |
| १०४/२०८०।१।२५ | कालिका मन्दिर देखि दहगाँउसम्म बाटो ढलान/सोलिङ्ग उस | बाटो निर्माणको लागि ४०० मिटर लम्बाई, ०.१ मिटर चौडाईको खनाई तर ६० मिटर लम्बाई र १ मिटर चौडाईको सोलिङ्ग तथा ४५७.३ मिटर लम्बाई र अधितम १.४५ मिटर | २७४०१९ |

| | | | |
|---|---|---|---|
| | | चौडाईसम्म पिसिसि गरिएको। | |
| १०५/२०८०।१।२५ | काँडी शाखा बाटो सोलिङ्ग निर्माण उस | बाटो निर्माणको लागि १७६ मिटर लम्बाई र १.३७ मिटर चौडाईको बाटो खनिएकोमा सोलिङ्ग तथा पिसिसिको चौडाई अधिकत १.४६ मिटरसम्म देखिएको | १९३३७० |
| जम्मा | | | ७४९६४४ |

उपभोक्ता समितिहरुले बाटो निर्माण गर्दा खनाई, सोलिङ्ग तथा पिसिसि कार्यमा देखिएका कैफियतका आधारमा पालिकाले उक्त निर्माण कार्यमा खनिएको भन्दा बढि लम्बाई र चौडाईमा सोलिङ्ग तथा पिसिसि, सोलिङ्ग भन्दा बढी लम्बाई र चौडाईमा पिसिसि कार्यको पुष्टिहुने गरि बास्तविक नापि किताब, पालिकाबाट भएको अनुगमन प्रतिवेदन, यथार्थता देखिने फोटोहरु सहित प्रमाण पेश गर्नुपर्ने रकम रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,४९,६४४ |

७८. **सामाजिक सुरक्षा वितरण -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ लाभग्राही नाम दर्ता र नवीकरण, लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि सामाजिक सुरक्षा वितरण गर्नुपर्ने छ । पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता वापत नबिल बैंक मार्फत प्रथम, द्वितिय, तृतिय र चौंथो किस्ता गरी जम्मा रु. १२,४३,६३,०१० निकासा भएको देखिन्छ भने रु. १२,४१,९५,१३८ वितरण गरी बाँकी भएको रु. १,६७,८७२ भने रु. ३१,८९८ फिर्ता गर्न बाँकी देखिन्छ । उक्त रकम यथाशिघ्र फिर्ता गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-

७८.१ **केवाइसी अपडेट-** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भई सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेको एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

७८.२ **लाभग्राही नवीकरण -** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस

आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

---

७९. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकासमार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्ः-

-सूचिमा समावेश भएका श्रमिकलाई प्रथमिकिकरण गरे पनि सो अनुसार कार्यान्वयन पूर्ण रुपमा भएको छैन ।

-रोजगार कार्यक्रमको लागि प्राप्त भएको पुरै बजेट रु.९८,६६,७००। खर्च गर्न नसकेको हुँदा न्युन दिन र न्युन संख्याले प्राप्त गर्ने गरी रोजगारी सिर्जना भएको छ ।

-श्रमिकले एक दिनको पारिश्रमिक वापत न्युन दररेट रु ५७७। मात्र प्राप्त गर्ने भएको हुँदा कार्य गर्ने चाहाना नरहेको गुनासो पालिकामा आउने पालिकाको भनाई रहेको छ ।

-पूर्वाधार एवं अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् ।

यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण, खानेपानी मर्मत र सिचाँईकुलो लगायतका ३८ वटा योजना तथा कार्यक्रम सञ्चालन गरी यस वर्ष १७१ जनालाई रोजगारी उपलव्ध गराई नेपाल सरकारको रु. ७५,५८,७०० र युवा रोजगारीका लागि रुपान्तरण पहल(आई.डि.ए विश्वबैंक) को रु. २३,०८,००० गरी कुल ९८,६६,७०० खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गरेको पाईयो । यसरी गरेको खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिदैन । यसमा सुधार र व्यबस्थित गर्नका लागि सरोकारवाला सवैको ध्यान जानु पर्ने देखिन्छ ।

---

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान : आदर्श गाउँपालिका, डोटी , आदर्श गाउँपालिका , डोटी**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Shadananda Ojha | २०७९-७-१ | २०८०-६-१ |
| लेखा प्रमुख | Bijaya Raj Joshi | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०३८,७८२ | ७,३६६,४०४ | ७,६६९,१७८ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १६,०७४,३६४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १६,०७४,३६४ |

**स्थानीय तह :**

| **गत बर्षको जिम्मेवारी** | | ६०७१०५१९.९७ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१२२१२३६९ | **चालु खर्च** | २९६४२०७७१ |
| **प्रदेश सरकारबाट अनुदान** | ११९६८७७६ | **पूँजीगत खर्च** | १३५८८७५२५ |
| **राजश्व बाँडफाँट** | ७८३९४४१२.०१ | **वित्तीय/अन्य व्यवस्था** | १४१२३००४९.२३ |
| **आन्तरिक आय** | २८९८८०२.० | | |
| **अन्य आय** | १४१४२९१८३.२३ | | |
| **कुल आय** | ५४६९०३५४२.२४ | **कुल खर्च** | ५७३५३८३४५.२३ |

| | |
|---|---|
| **बाँकी मौज्दात** | ३४०७५७१६.९८ |